# ईश्वरपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ईश्वरपुर, सर्लाही
## मधेश प्रदेश, नेपाल

### आ.व. २०८१/०८२ मा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना
### प्रथम पटक प्रकाशित मिति : २०८१/०३/०७

ईश्वरपुर नगरपालिकाको आ.व. २०८१/०८२ को लागि (२०८२ असार मसान्त) आन्तरिक आय संकलन गर्न तपसिल बमोजिम ठेक्का बन्दोबस्त गर्नु परेकोले ईच्छुक व्यक्ति तथा फर्मबाट देहाय बमोजिमका शर्तको अधीनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. बोलपत्र फारम तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयसम्म यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरेको बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेसम्म सिलबन्दी गरी खाम बाहिर विवरण प्रष्ट खुलाई यस कार्यालयमा छुट्टाछुट्टै दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा दर्ता गर्ने अन्तिम दिनको अपरान्ह १:०० बजे ईश्वरपुर नगरपालिका कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि सिलवन्दी दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

४. दर्ता भएका बोलपत्रहरु उपर बोलपत्र दर्ता हुने अन्तिम मितिको भोलिपल्ट निर्णय हुनेछ । केरमेट गरी सही नगरेको, सहीछाप नभएको, म्याद नाघी पर्न आएको दरभाउपत्र स्वीकृत गरिने छैन ।

५. बोलपत्रदाता नेपाली नागरिक भए आफूले कबुल गरेको अंकको ५% र गैर नेपाली नागरिक भए आफूले कबुल गरेको अंकको १०% धरौटी रकम यस नगरपालिकाको नेपाल बैंक लि. वयलवास शाखा, ईश्वरपुर सर्लाहीमा रहेको धरौटी खाता नं. १०९०३००००००३०००००००००१ मा जम्मा गरेको सक्कल बैंक भाउचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा पचहत्तर दिन म्याद भएको बिडबण्डको सक्कल प्रति बोलपत्र फारम साथ संलग्न राखि पेश गर्नुपर्ने छ ।

६. बोलपत्रदाताले भरेको कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. ठेक्कावापत नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने सबै कर ठेकदार स्वयंले बुझाउनु पर्ने छ ।

८. ठेक्का स्वीकृत भई किस्ताबन्दीमा रकम दाखिला गर्न चाहेमा पहिलो वापत कवोल अंकको कम्तिमा ५० प्रतिशतले हुने रकम नगद जम्मा गरि बाँकी रकमको सम्झौता गर्नु पूर्व ने.रा.बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेण्टी अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

९. समयमा किस्ता रकम नबुझाएमा बैंक ग्यारेन्टीबाट नगरपालिकाले किस्ता रकम असुल उपर गर्नेछ ।

१०. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक रकम एकमुष्ट बुझाएमा दश प्रतिशतले हुने रकम छुट दिईनेछ ।

११. ठेकेदारले सिलवन्दी दरभाउपत्र फारमसाथ संलग्न दररेट अनुसार कर संकलन गर्नु पर्नेछ ।

१२. कुनै कारण देखाई वा नदेखाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

१३. ठेक्का चलन ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टाबमोजिम मात्र गर्न पाईने छ । कानूनले निषेध गरेको सामग्रीमा कर तथा सेवाशुल्क असुल गर्न पाईने छैन ।

१४. बोलपत्रदाता र नगरपालिका कार्यालयबीच कुनै किसिमको मत भिन्नता उत्पन्न भए नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१५. यस सूचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

१६. कर तथा शुल्कको दररेट सम्वन्धी विवरण वोलपत्र फारममा उल्लेख भएअनुसार हुनेछ ।

**तपसिल**

| क्र.सं. | बजार/ठेक्काको विवरण | स्थान | न्यूनतम ठेक अंक रु. | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|
| १ | महेन्द्र बजारको गोरु बजार | ईश्वरपुर-६ | १६,०५,०००।०० | १,०००।- |
| २ | महेन्द्र बजारको गुद्री बजार | ईश्वरपुर-६ | १३,२५,०००।०० | १०००।- |
| ३ | महेन्द्र बजारको खसी बाखा बजार | ईश्वरपुर-६ | ७,००,०००।०० | १०००।- |
| ४ | महेन्द्र बजारको पाडा काटमार | ईश्वरपुर-६ | १,२६,५००।०० | १०००।- |
| ५ | महेन्द्र बजारको सुंगुर काटमार बजार | ईश्वरपुर-६ | १,१५,१००।०० | १०००।- |
| ६ | चौलिखा बजार | ईश्वरपुर- १ | १,५०,०००।०० | १०००।- |
| ७ | सुकनाहा बजार | ईश्वरपुर - १५ | १,५०,०००।०० | १०००।- |
| ८ | महारानी बजार | ईश्वरपुर - १३ | ६०,०००।०० | १०००।- |
| ९ | खैरा बजार | ईश्वरपुर- १० | ६०,०००।०० | १०००।- |
| १० | सागरनाथ खाल्टे बजार | ईश्वरपुर -४ | २०,०००।०० | १०००।- |
| ११ | रामपुर खाल्टे बजार | ईश्वरपुर- ८ | १५,०००।०० | १०००।- |
| १२ | जानकी बजार | ईश्वरपुर - १४ | १०,०००।०० | १०००।- |
| १३ | विश्वकर्मा बजार | ईश्वरपुर -१४ | १०,०००।०० | १०००।- |
| १४ | विरेन्द्र बजार | ईश्वरपुर -२ | १०,०००।०० | १०००।- |
| १५ | रामनगर बजार | ईश्वरपुर- ९ | १०,०००।०० | १०००।- |